# Section I. Invitation for Sealed Quotation


मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
प्रदेश नं. ३, नेपाल

फोन नं.०४८-५४०११२


## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना

सूचना नं. MM/RCH/WORKS/Quotation/02/074/075

(प्रथम पटक प्रकाशित मिति : २०७४।१२।२७)

यस कार्यालय अर्न्तगत निम्नानुसारको निर्माण कार्य शिलवन्दी दरभाउपत्रवाट गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउपत्र कागज यस कार्यालयवाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनको (२०७५।०१।११) कार्यालय समय भित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिवाट रु १०००।- नगदै दस्तुर तिरी वा यस कार्यालयको नाममा रहेको रा.वा. बैंक मन्थली स्थित संचित कोष खाता नं.१६८०३०४०१८१०२ मा नगद जम्मा गरेको सक्कलै भौचर पेश गरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ ।

२. दरभाउपत्र खरिदका लागि निवेदन पेश गर्दा रु. दशको टिकट टाँसी निवेदन साथ उद्योग /व्यवसाय दर्ता/नविकरण प्रमाणपत्र, ठेक्का (इजाजत) प्रमाणपत्र, आयकरको स्थायी लेखा नम्वर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व.२०७३।०७४ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. खरिद भएको शिलवन्दी दरभाउपत्र फाराममा उल्लेख भएका सवै विवरणहरु प्रष्टसँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरी नियमानुसार मिति २०७५।०१।१२ दिनको १२.०० वजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिने छ । दाखिला हुनआएका दरभाउपत्रहरु सोही दिन दिनको १.०० वजे यस कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन दरभाउपत्र खरिद गर्न वा बुझाउन सकिने छ ।

५. दरभाउपत्रको खाम वाहिर ठेक्का नम्वर, कामको विवरण र दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं ( घरको, मोवाईलको ) स्पष्ट खोली यस कार्यालयलाई सम्वोधन गरी सो खामलाई शिलबन्दी गरी पेश गर्नु पर्नेछ साथै शिलबन्दी दरभाउपत्रसाथ दफा नं. २ मा उल्लेखित कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। शिलबन्दी दरभाउपत्र, दरभाउपत्र खोलिएको मितिवाट ४५ दिन अवधिका लागि मान्य हुनेछ ।

६. दरभाउपत्रसाथ धरौटी वापत तपशिल वमोजीमको रकम (मुल्य अभिवृद्धि कर समेत) रा.वा.वैंक शाखा कार्यालय मन्थली स्थित यस कार्यालयको धरौटी खाता नं. १६८०३०३००७१०२ मा दरभाउ पत्रदाताको नामवाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम बरावरको यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकहरुवाट दरभाउपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा ७५ ( पचहत्तर) दिन म्याद भएको जमानी पत्र (विडवण्ड) पेश गर्नु पर्ने छ । सम्फौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ ।

७. दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा मुल्य अभिवृद्धि कर वाहेकको दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ ।

८. दरभाउपत्र दाताले पेश गरेको दरभाउपत्र निर्माणस्थल र कामको सम्वन्धमा राम्ररी बुझि दरभाउपत्र भरी पेश गरेको मानिने छ ।

९. एउटा फर्मका नामवाट खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मका नाममा दाखिला गर्न पाइने छैन ।

१०. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयवाट उपलब्ध गराईएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन तथा दरभाउपत्र आंशिकरुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. यो सूचना यस कार्यालयको वेवसाइट www.manthalimun.gov.np वाट पनि प्राप्त गर्न सकिने छ ।

१२. यस दरभाउपत्र सम्वन्धि केहि कुरा संशोधन गर्नु परेमा यस कार्यालयको वेवसाइटमा प्रकाशन र सूचना पाटीमा टाँस गरिनेछ ।

१३. यस सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावली, २०६४ एवं प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**सिलवन्दी दरभाउपत्र सम्वन्धि कार्यको विवरण :**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम (कन्टिन्जेन्सी र भ्याट वाहेक) रु. | दरभाउपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | MM/RCH/WORKS/Quotation/02/074/075 | मन्थली वाईपास सडक निर्माण कार्य | १,७०६,६१२।६७ | ४८,०००। |